REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs     Date: 08.12.2024

## CM- arrives at Bagdogra Airport

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ आज बागडोग्रा बिमानस्थलमा आइपुग्नुभयो। उहाँ पूर्वोत्तर क्षेत्रका जीवन्त बजारहरूलाई विश्वव्यापी मञ्चसँग जोड्ने पहिलो उत्सव अष्टलक्ष्मी महोत्सव र महाराष्ट्रका मुख्यमन्त्रीका रूपमा श्री देवेन्द्र फर्नान्डीसको सपथ ग्रहण समारोहमा भाग लिई सिक्किम फर्कँदै हुनुहुन्छ। बागडोगरा बिमानस्थलमा उहाँलाई प्रोटोकल युनिट, टीआईसी र एसटीडीसी, सिलगढीका अधिकारीहरूले स्वागत गरे।

## PM-ASHTALAKSHMI

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सुधारिएको कनेक्टिभिटी, डिजिटल समावेशीकरण र पूर्वाधारमा लगानीको माध्यमबाट पूर्वोत्तर राज्यहरूमा भएको उल्लेखनीय वृद्धिको प्रशंसा गर्नुभएको छ। उहाँले आज सामाजिक मिडिया मञ्च 'X'-मा केन्द्रीय मन्त्री श्री ज्योतिरादित्य सिन्धियाले लेखेको "उत्तरपूर्व विकसित भारत सोचको प्रमुख कर्ता बनिरहेको छ" भन्ने लेख साझा गर्नुभयो। प्रधानमन्त्रीले पूर्वोत्तरको जीवन्त कपडा क्षेत्र, पर्यटन अवसर र परम्परागत शिल्पकलालाई दर्शाउने अष्टलक्ष्मी महोत्सवको पनि प्रशंसा गर्नुभयो। पूर्वोत्तरका आठ राज्य असम, अरुणाचल प्रदेश, मेघालय, मणिपुर, नागाल्यान्ड, मिजोरम, त्रिपुरा र सिक्किमका सौन्दर्य, विविधता र प्रतिज्ञाहरू प्रदर्शन गर्ने उद्देश्यले नयाँ दिल्लीस्थित भारत मण्डपममा तीनदिने अष्टलक्ष्मी महोत्सव आयोजित गरिएको छ। महोत्सवमा २५० भन्दा बढी शिल्पकारले ३४ वटा जीआई ट्याग भएका वस्तुहरूसहित अनुपम हस्तकला, हतकर्घा र कृषि-बागवानी उत्पादनहरू प्रदर्शन गरिरहेका छन् र यो उत्सव आज समापन हुँदै छ।

## Mental Health-Sikkim Team Visits Gujarat:

सिक्किमका एघार सदस्यीय प्रतिनिधिमण्डलले आत्महत्या रोकथाम रणनीतिहरू अध्ययन गर्न सिक्किम इन्स्पायर्स कार्यक्रम अन्तर्गत एक पहलका रूपमा गुजरातको मेहसाना गाउँको भ्रमण गऱ्यो। यस कार्यक्रमले मानसिक स्वास्थ्य चुनौतिहरू समाधान गर्ने र सिक्किमका लागि विस्तृत मानसिक स्वास्थ्य र आत्महत्या रोकथाम रणनीति विकास गर्ने लक्ष्य राखेको छ। यो पहल भारतीय कानुन समाज-अन्तर्गत मानसिक स्वास्थ्य, कानुन, तथा नीति केन्द्रको प्राविधिक सहयोगमा कार्यान्वयन भइरहेको छ। यस अध्ययन भ्रमणले समुदाय-सञ्चालित शैली र मेहसानामा लागू गरिएको आत्महत्या रोकथामका सफल रणनीतिहरूमा मूल्यवान् अन्तर्दृष्टि प्रदान गरेको छ। क्षेत्रगत भ्रमणका अतिरिक्त, टोलीले पुणेमा आयोजित दुईदिने परामर्श कार्यशालामा पनि भाग लियो। सिक्किम इन्स्पायर्स कार्यक्रमले आत्महत्या दर घटाउने र समग्र मानसिक स्वास्थ्यलाई प्रवर्धन गर्ने उद्देश्यले राज्यमा मानसिक स्वास्थ्य समस्याहरू हल गर्न बलियो ढाँचा सिर्जना गर्ने दिशामा महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

Yuksam-Dubdi Gram-official website:

योकसम-दुब्दी ग्राम पञ्चायत एकाइले हिजो योकसममा आयोजित शुभारम्भ समारोहबीच आधिकारिक रूपमा आफ्नो वेबसाइट सुरु गऱ्यो। वेबसाइट राष्ट्रिय शिक्षा संस्थान, सिंगापुर, र कन्चनङ्गा संरक्षण समिति, KCC सिक्किमको प्राविधिक सहयोगमा विकसित गरिएको हो। गेजिङका जिल्ला अध्यक्ष श्री डीएस लिम्बूले आधिकारिक रूपमा वेबसाइटको उद्घाटन गर्नुभयो। उद्घाटनका क्रममा KCC का अध्यक्षले वेबसाइटको विकास प्रक्रिया र डिजिटल युगमा यसको महत्त्वबारे जानकारी दिनुभयो। वेबसाइटले महत्त्वपूर्ण जानकारी फैलाउने र ग्राम पञ्चायतहरूको पहललाई बढावा दिने एक बहुमूल्य मञ्चका रूपमा काम गर्ने अपेक्षा गरिएको छ। कार्यक्रममा इको-पर्यटन पहलको एक भागका रूपमा KCC द्वारा परिकल्पित योकसमका लागि प्रस्तावित जैविक विविधता पार्कको प्रस्तुति पनि समावेश थियो। परियोजनाले चराचुरुङ्गीको संसार, पर्यावरण-मैत्री ग्लास क्याफे, बोटानिकल गार्डेन, र दिगो पदयात्रा ट्रेलहरू सिर्जना गर्ने परिकल्पना गरेको छ। यस विकासले योकसमलाई इको-पर्यटन केन्द्रका रूपमा स्थापित गर्ने लक्ष्य राखेको छ, साथै यसको प्राकृतिक सम्पदाको संरक्षण गर्दै, पर्यटन सम्भावनाहरूलाई बढाउनेछ। यस पहलको उद्देश्य दिगो पर्यटन प्रवर्धन गर्नु र क्षेत्रको आर्थिक सम्भावनाहरू बृद्धि गर्नु हो।

CM- Meets Women’s Football Team:

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले राष्ट्रिय च्याम्पियनसिपअघि राज्यका वरिष्ठ महिला फुटबल टोलीसँग भेट गर्नुभयो। भेटपछि उहाँले भन्नुभयो, "सिक्किमको वरिष्ठ महिला फुटबल टोलीसँग भेटेर अन्तरक्रिया गर्न पाउँदा खुसी लागेको छ।" टोलीले राज माता जिजाबाई ट्रफी २०२४-२५ को प्रतिष्ठित २९ औँ वरिष्ठ महिला राष्ट्रिय फुटबल च्याम्पियनसिपमा सिक्किमको प्रतिनिधित्व गर्दै, नारायणपुर, छत्तीसगढमा आगामी डिसेम्बर ११ मा सुरु हुने फाइनल चरणमा प्रतिस्पर्धा गर्ने तयारी गरेको छ। मुख्यमन्त्रीले टोलीलाई सफलताको शुभकामना दिँदै, सच्चा खेलकुदको मनोबल र समर्पणका साथ खेल्न प्रोत्साहित गर्नुभयो।